आठविसकोट नगर कार्यपालिकाको ५९ औं बैठक मिति २०७७ चैत्र ११ गतेका दिन नगर प्रमुख श्री गोर्ख बहादुर के.सी.को अध्यक्षतामा देहायका सदस्यहरुको उपस्थितीमा नगर कार्यपालिकाको बैठक हलमा बस्यो । उक्त बैठकमा देहायका प्रस्तावहरु निर्णयार्थ पेश गरीयो ।

| क्रासं। | नाम, थर | पद | दस्तखत |
|---|---|---|---|
| १ | गोर्ख बहादुर के.सी. | नगर प्रमुख | |
| २ | गीता नेपाली | नगर उप प्रमुख | |
| ३ | धुब प्रसाद लम्साल | नि.प्र.प्रशा.अधिकृत | |
| ४ | देव बहादुर घर्ती | वडाध्यक्ष - १ | |
| ५ | देव बहादुर यरी | वडाध्यक्ष - २ | |
| ६ | केशरमान वि.क | वडाध्यक्ष - ३ | |
| ७ | बाबुराम विष्ट | वडाध्यक्ष - ४ | |
| ८ | प्रजिते कामी | वडाध्यक्ष - ५ | |
| ९ | डिल बहादुर सार्की | वडाध्यक्ष - ६ | |
| १० | नवराज बुढा | वडाध्यक्ष - ७ | |
| ११ | मान बहादुर चदारा | वडाध्यक्ष - ८ | |
| १२ | तारक बहादुर शाही | वडाध्यक्ष - ९ | |
| १३ | गंगाराम चदारा | वडाध्यक्ष - १० | |
| १४ | हस्ते आग्री | वडाध्यक्ष - ११ | |
| १५ | खुम्मे कुसारी | वडाध्यक्ष - १२ | |
| १६ | विनोद पुन | वडाध्यक्ष - १३ | |
| १७ | हुकुम बहादुर पुन | वडाध्यक्ष - १४ | |
| १८ | धन्नाम परियार | कार्यपालिका सदस्य | |
| १९ | प्रियंका यरी | कार्यपालिका सदस्य | |
| २० | प्रभा मल्ल वि.क | कार्यपालिका सदस्य | |
| २१ | मनकली कामी | कार्यपालिका सदस्य | |
| २२ | गोरख बहादुर कामी | कार्यपालिका सदस्य | |
| २३ | कल्पना खड्का | कार्यपालिका सदस्य | |
| २४ | सिता शाह | कार्यपालीका सदस्य | |
| २५ | आसिराम वि.क. | कार्यपालीका सदस्य | |
| अन्य उपस्थितीहरु | | | |
| १ | मान बहादुर बुढाथोकी | प्रशासन अधिकृत | |
| २ | ज्ञानु आचार्य | इलेक्ट्रिसियन | |
| ३ | जय बहादुर बुढा | प्रशासन सहायक | |
| ४ | गणेश बहादुर थापा | लेखापाल | |
| ५ | राजेश गौतम | इन्जिनियर | |
| ६ | मानु ब. वडाला | कम्प्युटर अपरेटर | |
| ७ | सन्देश वि. क. | खेलकुद संयोजक | |
| ८. | भुमे दमाई | का. स. | |
| ९. | तस्वीर परियार | का. स | |

# आठविसकोट नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
आठविसकोट, रुकुम (पश्चिम)
कर्णाली प्रदेश, नेपाल ।

५९ औं नगर कार्यपालिकाको बैठकमा पस्तुत गरिएका प्रस्तावहरु

बैठक स्थान : आठविसकोट नगर कार्यपालिका बैठक हल

अध्यक्षता : नगर प्रमुख श्री गोर्ख बहादुर के.सी.

| मिति | बैठक बस्ने समय | | प्रस्तावहरु |
|---|---|---|---|
| ११ चैत्र २०७७ | विहान ११:०० बजे | १ | राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता सम्बन्धी प्रस्ताव । |
| | | २ | नगरपालिका भवनको ड्इङ, डिजाइन र लागत स्टीमेट स्वीकृती सम्बन्धी प्रस्ताव । |
| | | ३ | आत्रेय ऋषि र लक्ष्मीनारायण मन्दिरको ड्इङ, डिजाइन र लागत स्टीमेट स्वीकृती सम्बन्धी प्रस्ताव । |
| | | ४ | नगर स्तरिय स्वास्थ्य व्यवस्थापन समिति गठन सम्बन्धी प्रस्ताव |
| | | ५ | सहुलियतपर्ण कर्जा सहजीकरण समिति गठन सम्बन्धी प्रस्ताव । |
| | | ६ | उच्च शिक्षाका लागि प्रदान गरिने छात्रवृत्ति कोष सञ्चालन सम्बन्धी प्रस्ताव । |
| | | ७ | विविध समसामयिक विषयवस्तु सम्बन्धी प्रस्ताव । |

## ५९ औं नगर कार्यपालिका बैठक (मिति २०७७/१२/११ गते) का निर्णयहरु

१. यस नगरपालिकाको ४ नं. वडा स्थित ज्ञानोदय माध्यमिक विद्यालय चौतारामा मिति २०७७ चैत्र २२-२६ सम्म दोस्रो राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता मर्यादित, सुव्यवस्थित एवम् अनुशासित रुपमा सञ्चालन गर्ने निर्णय गरियो । सो रनिङ शिल्ड प्रतियोगिताको लागि आवश्यक पर्ने रकमको भुक्तानी उपयुक्त बजेट शिर्षकबाट व्यवस्थापन गर्ने निर्णय गरियो । साथै, सो प्रतियोगिता व्यवस्थापन तथा सञ्चालनका लागि ४ नं वडा अध्यक्ष श्री बाबुराम विष्टको संयोजकत्वमा देहायका सदस्यहरु रहने गरी एक व्यवस्थापन तथा सहजीकरण समिति गठन गर्ने निर्णय गरियो ।

**दोस्रो राष्ट्रपति रनिङ शिल्ड व्यवस्थापन तथा सहजीकरण समिति**

| | | | |
|---|---|---|---|
| क. संयोजक | - | श्री बाबुराम विष्ट | - वडाध्यक्ष |
| ख. सदस्य | - | श्री प्रजिते कामी | -वडाध्यक्ष |
| ग. सदस्य | - | श्री डिल बहादुर चनेल | -वडाध्यक्ष |
| घ. सदस्य | - | श्री रतन बहादुर बुढा | - वि.व्य.स अध्यक्ष |
| ङ. सदस्य सचिव- | | श्री मरिचमान विष्ट | - प्रधानाध्यापक |

२. यस नगरपालिकाको प्रशासनिक भवन निर्माणका लागि प्राप्त गुरुयोजना अनुसारको ड्रइङ, डिजाइन र लागत अनुमानको बारेमा विस्तृत छलफल भयो । छलफलबाट गुरुयोजनामा उल्लेखित आइटम मध्ये प्रशासनिक भवन, मूल गेट, सेफ्टी ट्याङ्की र पालेघर सहितको ड्रइङ, डिजाइन र लागत अनुमान स्वीकृत गरि सार्वजनिक खरिद ऐन तथा नियमावलीमा उल्लेखित प्रावधान अनुसार विद्युतिय ठेक्काका लागि स्वीकृत गर्ने निर्णय गरियो ।

३. यस नगरपालिकाको ४ नं. वडा मा निर्माण गरिने अत्रि ऋषी मन्दिर निर्माणका लागि प्राप्त गुरुयोजना अनुसारको ड्रइङ, डिजाइन र लागत अनुमानको बारेमा विस्तृत छलफल भयो । छलफलबाट सो मन्दिरको गुरुयोजना अनुसारको ड्रइङ, डिजाइन र लागत अनुमान पुनरावलोकन गरी संशोधन सहित स्वीकृत गर्ने निर्णय गरियो ।

ध्रुव प्रसाद 
नि. प्रमुख प्रशासकीय अधिकृत

आठबिसकोट नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
आठबिसकोट, रुकुम (पश्चिम)
कर्णाली प्रदेश, नेपाल
२०७३

ध्रुव प्रसाद लम्साल
प्रमुख प्रशासकीय अधिकृत

४. आठविसकोट नगरपालिकाको स्वास्थ्य ऐन, २०७७ को दफा (५) र दफा (९) बमोजिम देहाय अनुसारको नगरपालिका स्तरिय स्वास्थ्य समिति, नगरपालिका स्तरिय स्वास्थ्य अनुगमन तथा गुणस्तर सुनिश्चितता उपसमिति र स्वास्थ्यचौकी, आधारभुत स्वास्थ्य सेवा केन्द्र, आयुर्वेद औषधालय तथा सामुदायिक स्वास्थ्य इकाई सञ्चालन तथा व्यवस्थापन समिति गठन गर्ने निर्णय गरियो ।

अ. <u>नगरपालिका स्तरिय स्वास्थ्य समिति</u>

क. अध्यक्ष - श्री गोर्ख बहादुर के.सी
ख. सदस्य - श्री गीता नेपाली
ग. सदस्य - .........(सामाजिक विकास समितिका संयोजक वा सदस्य)
घ. सदस्य - श्री ध्रुव प्रसाद लम्साल
ङ. सदस्य - श्री धन कुमारी वि.क.
च. सदस्य - ...............(स्वास्थ्य संस्था सञ्चालन तथा व्यवस्थापन समितिका अध्यक्षहरु मध्येबाट १ जना )
छ. सदस्य - श्री सिता शाह र श्री गोरख बहादुर कामी
ज. सदस्य - ........(नगर अस्पतालका चिकित्सक)
झ. सदस्य - ........... ( स्वास्थ्य क्षेत्रमा कार्यरत गैर सरकारी तथा नीजि क्षेत्रको प्रतिनिधि एक जना )
ञ. सदस्य-सचिव - श्री मणिराज शाह

आ. <u>नगरपालिका स्तरिय स्वास्थ्य अनुगमन तथा गुणस्तर सुनिश्चितता उपसमिति</u>

क. अध्यक्ष - श्री गीता नेपाली
ख. सदस्य - श्री गंगाराम चनारा
ग. सदस्य - श्री विपना परियार
घ. सदस्य - .....(स्वास्थ्य समितिले तोकेको सामुदायिक स्वास्थ्य संस्थाको प्रतिनिधि एकजना ।

ध्रुव प्रसाद लम्साल
प्रमुख प्रशासकीय अधिकृत

आठविसकोट नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
आठविसकोट, रुकुम (पश्चिम)
कर्णाली प्रदेश, नेपाल
२०७३

ङ. सदस्य - .......(स्वास्थ्य व्यवसायी संगठनको प्रतिनिधी एकजना)

च. सदस्य - ..... ( उपभोक्ता हित संरक्षण मञ्चको प्रमुख वा प्रतिनिधी )

छ. सदस्य सचिव - श्री मणिराज शाह

ई. वडा स्तरमा रहेका स्वास्थ्यचौकी, आधारभुत स्वास्थ्य सेवा केन्द्र, आयुर्वेद औषधालय तथा सामुदायिक स्वास्थ्य ईकाइहरुको सञ्चालन तथा व्यवस्थापन गर्नका लागि सबै वडाहरुले नियमानुसारका समितिहरु गठन तथा पुनर्गठन गर्ने ।

५. (क.) यस नगरपालिकाको ग्रामीण अर्थतन्त्र सुधार गरी नगरपालिकाको समृद्धि हासिलका लागि कृषी तथा पशुपालन कार्यलाई अभिवृद्धि गर्न ग्लोवल आईएमइ बैंक तथा सेञ्चुरी कर्मसियल बैंक र यस नगरपालिका बीच कृषक सहकार्य समूहहरुलाई सहुलियतपूर्ण कर्जा वितरणका लागि भएको समझदारी पत्रानुसार सहुलियतपूर्ण कर्जा वितरण कार्यलाई सहजीकरण गर्नका लागि देहायका पदाधिकारी तथा कर्मचारीहरु रहने गरी सहुलियतपूर्ण कर्जा सहजीकरण समिति गठन गर्ने निर्णय गरियो ।

<u>सहुलियतपूर्ण कर्जा सहजीकरण समिति</u>

क. संयोजक - श्री गोर्ख बहादुर के.सी.

ख. सदस्य - श्री सीता शाह

ग. सदस्य - श्री डिल्ली बहादुर चनेल

घ. सदस्य - श्री देव बहादुर यरी

ङ. सदस्य - श्री गंगाराम चनारा

च. सदस्य - श्री खुम्मे कुसारी

छ. सदस्य - श्री हुकुम बहादुर पुन

ज. सदस्य - श्री डम्बर गौतम

झ. सदस्य सचिव – श्री देव बहादुर के.सी.

ध्रुव प्रसाद लम्साल
प्रमुख प्रशासकीय अधिकृत

नगर कार्यपालिकाको कार्यालय
आठबिसकोट, रुकुम (पश्चिम)
कर्णाली प्रदेश, नेपाल
२०७३

(ख.) सहुलियतपूर्ण कर्जा वितरण कार्यलाई थप सरल र सहज बनाउनका लागि सम्पूर्ण नगरपालिकालाई ४ (चार) क्लष्टरमा विभाजन गरी सो क्षेत्रका कृषक सहकार्य समूहहरुको कर्जा प्राप्तीका लागि आवश्यक पर्ने व्यवसायिक योजना निर्माण लगायतका कार्यहरुमा सहजीकरणका लागि माथि (क.) बमोजिम गठित समितिको पहिलो बैठकले पशुसेवा कार्यालय, कृषि सेवा केन्द्र र गरिवी निवारणका लागि लघु उद्यमविकास कार्यक्रममा कार्यरत कर्मचारीहरुलाई खटाउने निर्णय गरीयो ।

६. आठविसकोट नगरपालिकाको लैङ्गिक हिंसा निवारण कोष सञ्चालन कार्यविधि, २०७७ बमोजिम गठित लैङ्गिक हिंसा निवारण समितिलाई अनुमोदन गरीयो । साथै लैङ्गिक हिंसा निवारण कोष सञ्चालनका लागि सेञ्चुरी कमर्सियल बैंक आठविसकोट शाखामा प्रमुख प्रशासकीय अधिकृत र लेखा प्रमुखको संयुक्त दस्तखतबाट लैङ्गिक हिंसा निवारण कोषको खाता खोल्ने निर्णय गरियो ।

७. यस नगरपालिकाका गरिव, विपन्न, दलित, जनआन्दोलनका घाइते तथा सहिद परिवार तथा जेहेन्दार विद्यार्थीहरुलाई इन्जिनियरिङ, चिकित्सा, विज्ञान तथा वातावरण लगायतका विषयहरुमा उच्च शिक्षा अध्ययनका लागि प्रदान गरिने छात्रवृत्ति कोष सञ्चालनको लागि आवश्यक निर्देशिका/कार्यविधि तयार गरी ६० औं नगर कार्यपालिकाको बैठकमा प्रस्ताव पेश गर्न विधायन समितिलाई जिम्मेवारी दिने निर्णय गरियो ।

८. मिति २०७७/०८/११ को नगर कार्यपालिकाको बैठक निर्णयानुसार हेभी इक्वुपमेन्ट चालक अर्जुन नेपालीको करार सम्झौता रद्द गरिएकोमा मिति २०७७/१२/०१ गते देखि लागू हुने गरी करार सम्झौता थप गर्ने निर्णय गरियो ।

९. आठविसकोट नगरपालिका अन्तर्गतका विद्यालयहरुको शैक्षिक स्तरको अनुगमन तथा सुपरिवेक्षण सहितको ७ औं विद्यालय अनुगमन प्रतिवेदन, २०७७ अध्ययनका लागि नगर कार्यपालिका समक्ष पेश गरियो ।

१०. हाल विश्वव्यापी महामारीको कारण विगत एक वर्षदेखि थलिएको शिक्षाक्षेत्रको उन्नयन एवम् शैक्षिक गुणस्तर अभिवृद्धि लगायतको पुर्नजागरणको लागि बालबालिका, शिक्षक र अभिभावकको मनोसामाजिक परामर्शबाट विद्यार्थी र शिक्षकलाई सिकाई प्रति जागरुक बनाउन कोभिड-१९ सँग सम्बन्धित उपयुक्त शिर्षकबाट विद्यालयको खाताबाटै भुक्तानी हुने गरी मनोपरामर्शदाता नियुक्त गर्ने निर्णय गरियो ।

ध्रुव प्रसाद लम्साल
प्रमुख प्रशासकीय अधिकृत

ध्रुव प्रसाद लम्साल
नि. प्रमुख प्रशासकीय अधिकृत

नगर कार्यपालिकाको कार्यालय
आठविसकोट, रुकुम (पश्चिम)
कर्णाली प्रदेश, नेपाल

११. यस नगरपालिका अन्तर्गत वडा नं. १ देखि ६ सम्मका अपाङ्गता भएका व्यक्तिहरुलाई परिचय पत्र वितरणका लागि २०७७ चैत्र २३ गते ४ नं. वडा कार्यालयमा र २०७८ बैशाख १५ गते भित्र उपयुक्त मिति तय गरि ३ नं. वडा कार्यालयमा अपाङ्गता शिविर सञ्चालन गर्ने निर्णय गरियो ।

१२. यस नगरपालिकामा राष्ट्रिय परिचय पत्र तथा पञ्जिकरण विभागबाट आगामी आर्थिक वर्ष २०७८/७९ का लागि राष्ट्रिय परिचय पत्र तथा पञ्जिकरणसेवा इकाई केन्द्रमा कार्यरत एमआइएस अपरेटर र फिल्ड सहायक कर्मचारीहरुको एक चौमासिक वापत हुन आउने बजेट साझेदारीका लागि श्रोत सुनिश्चितताको लागि प्रतिवद्धता गर्ने निर्णय गरियो ।

१३. संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय सिंहदरबार काठमाडौंको च.नं. २६०, मिति २०७७/११/०५ को पत्रबाट पर्यटन पूर्वाधार तथा पर्यटन विकास साझेदारी कार्यक्रम (सञ्चालन तथा व्यवस्थापन) निर्देशिका, २०७७ र संलग्न शर्तहरु बमोजिम योजना कार्यान्वयन प्रक्रिया अघि बढाउन ताकेता भएकोमा स्वीकृत आयोजनाको नाम लक्ष्मीनारायण मन्दिर, भेरी नदीमा जेट बोट सञ्चालन तथा पर्यटन प्रवर्द्धन रहेकोमा हाललाई छोटो समयमा भेरी नदीमा जेट बोट सञ्चालनको अवस्था नरहेकोले सोको सट्टामा नेपालका सय पर्यटकिय गन्तव्यहरु मध्येको एक <u>अत्रि ऋषीको मन्दिर गोतामकोटलाई</u> योजनामा समावेश गरिदिन अनुरोध सहितको पत्र योजना संशोधनको लागि संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयलाई लेखी पठाउने निर्णय गरियो ।

१४. यस आ.व. २०७७/०७८ मा ओखरको वेर्ना खरिद तथा आठविसकोट टिम्बर कम्पनीको भुक्तानीका लागि धरौटी खाताबाट सापटी लगिएकोमा सो सापटी रकम चालु आ.व. २०७७/०७८ को असार मसान्त भित्र फिर्ता गर्ने निर्णय गरियो ।

१५. यस नगरपालिकामा विभिन्न आयोजनाहरुको धरौटी वापत उपभोक्ता समितिहरुले धरौटी कोषमा जम्मा गरेको रकम फिर्ता लिंदा गत आ.व. २०७४/७५ मा सफ्टवयर प्रयोग नभएको नहुँदा सो आ.व.को धरौटी दोहोरो फिर्ता परेकोले सो वर्षको धरौटी स्वत उही आ.व.मा सदरस्याहा भई सकेको र आगामी आ.व.मा धरौटी रकम फिर्ता लिंदा १ वर्षभित्र फिर्ता नलिएमा स्वत सदरस्याहा हुने निर्णय गरियो ।

ध्रुव प्रसाद लम्साल
नि. प्रमुख प्रशासकीय अधिकृत

नगर कार्यपालिकाको कार्यालय
आठविसकोट नगरपालिका
आठविसकोट, रुकुम (पश्चिम)
कर्णाली प्रदेश, नेपाल

१६. यस नगरपालिकाको २ नं वडा स्थित स्यालाखदी स्वास्थ्यचौकी सोलिङ निर्माण योजनाको कार्य आ.व. २०७६/०७७ मा सम्पन्न भई सकेको तर रकम अभावका कारण सो आ.व. मा भुक्तानी दिन नसकिएकोमा १८ नं. फाइल खडा गर्दा सो योजनाको फाइल छुटेको हुँदा सो योजनाको भुक्तानी चालु आ.व. मा उपयुक्त शिर्षकबाट दिने निर्णय गरियो ।

१७. यस नगरपालिकालाई प्राप्त प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गतका देहायका वडाहरुका योजनाको शिर्षक संशोधन गर्ने निर्णय गरियो ।

| वडा नं. | साविक योजना | | | संशोधित योजना | | |
|---|---|---|---|---|---|---|
| | क्र.सं. | नाम | बजेट रु. | क्र.सं. | नाम | बजेट रु. |
| १२ | १ | स्यानीवार्खु मसानघाट प्रतिक्षालय निर्माण | १,०३,४०० | १ | स्यानीवार्खु मसानघाटको फिल्ड निर्माण | १,०३,४०० |
| ३ | २ | लामातरा सिँचाई निर्माण | ५१७००० | २ | सामुदायिक भवन निर्माण पाटागाउँ जाने बाटो तथा फिल्ड निर्माण, सामुदायिक भवन निर्माण, शौचालय निर्माण पाटागाउँ | ८८७९०० |
| | ३ | सामुदायिक भवन निर्माण पाटागाउँ | ३६१९०० | | | |
| | ३ | चर्च निर्माण | ७७५५०० | ३ | चर्च जाने बाटो तथा फिल्ड निर्माण र चर्च भवन निर्माण खदी माथीगाउँ | ७७५५०० |
| | ४ | नेटीलेक फोन टावर घर निर्माण | १५५१०० | ४ | नेटीलेक फोन टावर घर जाने बाटो निर्माण खदी | १५५१०० |
| | ५ | खानेपानी निर्माण तथा मर्मत | २५८५०० | ५ | पाटागाउँ खानेपानीको मुहान जाने बाटो निर्माण र मर्मत, खदी खानेपानी मुहान जाने बाटो निर्माण र खानेपानी मर्मत | २५८५०० |
| | ६ | सौर्य घट्ट निर्माण पाटागाउँ | १५५१०० | ६ | सौर्य घट्ट निर्माण पाटागाउँ जाने बाटो निर्माण | १५५१०० |

१८. आठविसकोट नगरपालिका समेत सञ्चालक रहेको बाँफिकोट गाउपालिकामा निर्माणाधिन ३.३ मेगावाट क्षमताको स्यार्पू हाइड्रोपावर आयोजना निर्माणका लागि यस नगरपालिकाबाट आ.व. २०७८/०७९ मा रु. ३ करोड ५० लाख रकम विनियोजन गर्ने निर्णय गरियो ।

ध्रुव प्रसाद लम्साल
प्रमुख प्रशासकीय अधिकृत

ध्रुव प्रसाद लम्साल
नि. प्रमुख प्रशासकीय अधिकृत

आठविसकोट नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
आठविसकोट, रुकुम (पश्चिम)
कर्णाली प्रदेश, नेपाल
२०७३

१९. यस नगरपालिकाको स्वीकृत वार्षिक बजेट तथा कार्यक्रमका रहेको क.सं. २.७.२५.६२ खर्च शिर्षक नं. २६३३२ मा विनियोजित बजेट रकम मध्येबाट कोभिड-१९का कारण विद्यालय सिकाई सहजिकरणमा प्रभावित भएका तपसिलका विद्यालयहरुलाई देहायको रकम भुक्तानी दिने निर्णय गरियो ।

| क.सं. | विद्यालयको नाम र ठेगाना | रकम रु. | कैफियत |
|---|---|---|---|
| १. | श्री कमल आ. वि हर्दिगाउ, आ.न.पा. ९, रुकुम (पश्चिम) | १,००,०००।०० | |
| २. | श्री जनज्योति आ.वि डाँफे, आ.न.पा. ७, रुकुम (पश्चिम) | ३,००,०००।०० | |
| ३. | श्री आदर्श मा वि ज्यामिरकोट, आ.न.पा. १४, रुकुम (पश्चिम) | ५,००,०००।०० | |
| ४. | श्री त्रिवेणी आ.वि स्यानीवार्खु, आ.न.पा. १२, रुकुम (पश्चिम) | २,००,०००।०० | |
| ५. | श्री जनजागरण मा वि गाउँवारी, आ.न.पा. १३, रुकुम (पश्चिम) | ३,००,०००।०० | |
| ६. | श्री जनविकास मा वि घारीखोला, आ.न.पा. १०, रुकुम (पश्चिम) | ४,००,०००।०० | |
| ७. | श्री शाइराम आ.वि. घोरीलास, आ.न.पा. १०, रुकुम (पश्चिम) | २,००,०००।०० | |
| ८. | श्री राडीज्यूला शिक्षा क्याम्पस, आ.न.पा. ९, रुकुम (पश्चिम) | ४,५०,०००।०० | |
| ९. | श्री सहिद स्मृति नमूना मावि राडी, आ.न.पा. ९, रुकुम (पश्चिम) | ४,००,०००।०० | |
| १०. | श्री शाइकुमारी मावि रोकाजाखेत, आ.न.पा. १, रुकुम (पश्चिम) | १,५०,०००।०० | |
| ११. | श्री नविन आ वि पहाडा, आ.न.पा. २, रुकुम (पश्चिम) | ३,००,०००।०० | |
| | जम्मा | ३३,००,०००।०० | |

२०. गत आ.व. २०७६/०७७ तथा २०७७/०७८ मा कोभिड-१९ महामारी रोकथाम तथा व्यवस्थापनका लागि श्री बालकल्याण मा वि राडीज्यूलामा सञ्चालन भएको क्वारेन्टाइन सञ्चालनन तथा व्यवस्थापनका लागि भएको खर्च रकम आ.व. २०७६/७७ मा रकम अभाव भै भुक्तानी दिन बाँकी रहेको रकम चालु आ.व. २०७७/०७८ को उपयुक्त शिर्षकबाट भुक्तानी दिने निर्णय गरियो ।

आजको बैठक सौहार्दपूर्ण वातावरणमा सम्पन्न भयो ।

ध्रुव प्रसाद लम्साल
नि. प्रमुख प्रशासकीय अधिकृत

आठबिसकोट नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
आठबिसकोट, रुकुम (पश्चिम)
कर्णाली प्रदेश, नेपाल